बीमा समिति
BEEMA SAMITI
नेपालको बीमा नियमनकारी निकाय
Insurance Regulatory Authority of Nepal

***अत्यन्त जरुरी***

मिति:२०७५/०९/०८

का.शा.३८ (०७५/०७६) च. न.२५९४

परिपत्र ०५/०७५

श्री इजाजतपत्र प्राप्त जीबन बीमा, निर्जीबन बीमा र पुनर्बीमा कम्पनीहरू ।

बिषय: निर्देशन पालना सम्बन्धमा ।

महाशय,

सम्पति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४, सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण (सूचीकृत व्यक्ति, समूह वा संगठनको सम्पत्ति वा कोष रोक्का) नियमावली, २०७०, सम्पति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण नियमावली, २०७३ तथा बीमा समितिले जारी गरेको सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी निर्देशन, २०७५ बमोजिम बीमक (सूचक संस्था)ले पालना गर्नुपर्ने कानूनी प्राबधानहरु तहाँ अवगत नै छ ।

उपर्युक्त सम्बन्धमा कतिपय बीमकहरुबाट जोखिम मुल्यांकन गर्ने नगरेको, ग्राहक पहिचान विवरण वीमालेख सम्बन्धी फाइल (पोलीसी डकेट)मा समावेश नगरेको, सीमा कारोबार तथा शंकास्पद कारोबार समेतका प्रतिवेदनहरू सम्बन्धित निकायमा पेश नगरेको पाईएकोले सम्पत्ति शुद्धीकरण निवारण ऐन, नियमावली तथा निर्देशिका बमोजिम तहाँ बीमक (सूचक संस्था) ले पालना गर्नुपर्ने प्राबधानहरू गम्भीरतापूर्वक र प्रभावकारी रुपमा पालना गरी बीमालेख फाईलहरू अध्यावधिक गर्नुका साथै विवरणहरू नियमित तथा यथा समयमै पठाउने गर्न हुन यो परिपत्र गरिएको छ । अन्यथा सोही ऐन, नियमावली र निर्देशिका बमोजिम संस्थागत तथा व्यक्तिगत रूपमा समेत कारवाही हुन सक्ने तर्फ ध्यानाकर्षण गराईएको छ ।

भवदीय,

(राजु रमण पौडेल)
नि.कार्यकारी निर्देशक

जानकारीका लागि
श्रीमान अध्यक्षज्यू
बीमा समिति ।

पो.ब.नं. २१७२, कुपण्डोल-१०, ललितपुर, नेपाल, फोनः ०१-५५२१०७९, ५५३८७४३, फ्याक्सः ०१-५५२०११९, टोल फ्रि नं.: १६६०-०१-५६७८९
P.O. Box No.: 2172, Kupandole-10, Lalitpur, Nepal, Phone: 01-5521079, 5538743, Fax: 01-5520119, Toll Free No.: 1660-01-56789
URL: www.bsib.org.np, E-mail: bsib@wlink.com.np, info@bsib.org.np